नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, दैलेख

# नागरिक बडापत्र

## १. नागरिकता

| क्र.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| १.१ | वंशजको आधारमा नेपाली नागरिकता | **दैलेख जिल्लाको निवेदक भएको हकमा**<br>१. वडा अध्यक्षको सिफारिस सहितको अनुसूची -१ को फाराम<br>२. बाबु र आमाको नागरिकता, विवाहित महिला भए पतिको नागरिकताको सक्कल र प्रतिलिपि, सो नभए दाजु वा वंशज खुल्ने तीन पुस्ताभित्रको नातेदारको नागरिकताको प्रतिलिपि र नाता प्रमाणित प्रमाणपत्र<br>३. बाबु, आमा वा नागरिकता भिड्ने व्यक्तिबाट सनाखत, सो नभए दाजु वा भाई वा तीन पुस्ताभित्रको नजिकको अभिभावकसँगको नाता प्रमाणितसहित सनाखत<br>४. उक्त प्रमाण पेश हुन नसकेमा वंशज खुल्ने अन्य प्रमाणहरु<br>५. फोटो ३ प्रति (कर्मचारी परिवार भएमा ४ प्रति)<br>६. जन्मदर्ता, जन्ममिति खुल्ने शैक्षिक प्रमाणपत्र तथा नाबालिक परिचयपत्र लिएको भएमा सो समेत<br>७. विवाह भएको भएमा विवाहदर्ता सक्कल र प्रतिलिपि | प्रमाणपत्र /कागजात पुगेमा सोही दिन | रु. १० को टिकट | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /ना.सु. | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | कोठा नं. ८ र ९ |

| क्र.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| | | **<u>अन्य जिल्लाबाट बसाईसराई भई आएको भएमा</u>**<br>१. स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको बसाईसराई प्रमाणपत्र सक्कल र प्रतिलिपि<br>२. सक्कल जग्गाधनी प्रमाणपुर्जा वा घर निर्माण सम्पन्न प्रमाणपत्र<br>३. घरको नक्सापास प्रमाणपत्र वा सक्कल एकीकृत सम्पत्ति कर तिरेको प्रमाण<br>४. बसाई सरी आएको जिल्लाबाट बाबु, आमा वा सनाखत गर्ने व्यक्तिको नागरिकताको अभिलेख माग गरी सोको भिडेको अभिलेख प्राप्त हुनु पर्नेछ।<br>५. आवश्यकता अनुसार सर्जमिन मुचुल्का। | | | | | |
| १.२ | वैवाहिक अंगीकृत नागरिकता (महिलाको लागि) | १. वडा अध्यक्षको सिफारिस सहितको अनूसुची-७ को फाराम<br>२. पतिको नागरिकता सक्कल तथा प्रतिलिपि<br>३. विवाह दर्ता प्रमाणपत्र सक्कल तथा प्रतिलिपि<br>४. विदेशी नागरिकता परित्याग गर्न कारबाही चलाएको प्रमाण<br>५. पतिको सनाखत, पति नभएमा पतिको नाता भिड्ने नजिकको नातेदारको सनाखत<br>६. अटो साइजको फोटो ३ प्रति (कर्मचारी परिवारको भएमा ४ प्रति)<br>७. भिसा लाग्ने देशको महिला भए नेपाल आएको देखिने राहदानीसहित मान्य अवधिको भिसा | प्रमाणपत्र /कागजात पुगेमा सोही दिन | रु. १० को टिकट | स.प्र.जि.अ/ प्रशासकीय अधिकृत /नायब सुब्बा | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |
| १.३ | कर्मचारी परिवारको नागरिकता | १. जिल्लामा कार्यरत नेपाल सरकारको स्थायी कर्मचारी, सरकारी संस्थान, विश्वविद्यालयमा वा सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकका परिवार भएमा सम्बन्धित निकायको सिफारिस पत्र र कर्मचारी परिचयपत्रको फोटोकपी<br>२. स्थानीय तहको सिफारिससहित वंशजको हकमा अनुसूची-१ र वैवाहिक अंगीकृतको हकमा अनुसूची-७ फाराम | प्रमाणपत्र /कागजात पुगेमा सोही दिन | रु. १० को टिकट | स.प्र.जि.अ /प्रशासकीय अधिकृत /नायब सुब्बा | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |

| क.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| | | ३. अटो साइजको फोटो ३ प्रति (वंशज), ४ प्रति (वैवाहिक अंगीकृतका लागि)<br>४. पिता/पति वा नजिकको नातेदारको ना.प्र.सहितको सनाखत<br>५. जन्ममिति खुल्ने शैक्षिक प्रमाणपत्र, जन्मदर्ता, नाबालिक परिचयपत्र<br>६. विवाहित महिला भए विवाह दर्ता प्रमाणपत्र र पतिको नागरिकता प्रमाणपत्र | | | | | |
| १.४ | अंगिकृत नेपाली नागरिकता | १. A4 Size को नेपाली कागजमा अनुसूची ७ बमोजिमको सम्बन्धित वडा कार्यालयबाट सिफारिस,<br>२. सिफारिसमा अनिवार्य रुपमा छाप लगाएको र फोटो समेत प्रमाणित भएको हुनुपर्नेछ।<br>३. १३ अंकको अनलाईन (Online) दर्ता भएको जन्मदर्ता प्रमाणपत्रको सक्कल प्रति,<br>४. शैक्षिक योग्यताको प्रमाणपत्रहरुको सक्कल प्रति<br>५. बाबुको राष्ट्रियता खुल्ने प्रमाण,<br>६. आमाको नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल प्रति<br>७. नेपालमा जन्म भई नेपालमा नै निरन्तर रुपमा बसिरहेको भन्ने बेहोरा खुल्ने सम्बन्धित स्थानीय तहको सिफारिस<br>८. बाबुको नागरिकताको आधारमा निजले विदेशी मूलुकको नागरिकता नलिएको भनि निजले अनसूची ७ "क" बमोजिम गरेको स्वःघोषणा<br>९. प्राप्त निवेदन उपर छानविन गरी प्रमाण पुगेको भए अंगिकृत नागरिकताको प्रमाणपत्रको लागी गृह मन्त्रालयमा सिफारिस गरिने। | कागजात पुगेको भए सोही दिन | रु. १० को टिकट | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /नायब सुब्बा | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |

| क.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| १.५ | नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिको हकमा बंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र | १. A4 Size को नेपाली कागजमा अनुसूची १ बमोजिमको सम्बन्धित वडा कार्यालयबाट सिफारिस,<br>२. सिफारिसमा अनिवार्य रुपमा छाप लगाएको र फोटो समेत प्रमाणित भएको हुनुपर्नेछ।<br>३. १३ अंकको अनलाईन (Online) दर्ता भएको जन्मदर्ता प्रमाणपत्रको सक्कल प्रति,<br>४. शैक्षिक योग्यताको प्रमाणपत्रहरु/SEE प्रवेश पत्र, विदेशमा पढेको हकमा राष्ट्रिय परीक्षा वोर्ड वा त्रि.वि. बाट समकक्षता निर्धारण गरी ल्याउनु पर्ने,<br>५. आमा वा आफ्नो वंशतर्फको तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल प्रति,<br>६. आमा जीवित नभएको अवस्थामा मृत्यु दर्ता प्रमाणपत्रको सक्कलप्रति,<br>७. आमाको होस ठेगानमा नभएको अवस्थामा चिकित्सकले होस ठेगानमा नभएको भनी गरेको सिफारिस पत्र,<br>८. सिफारिस गर्ने स्थानीय तहभित्र जन्म भई निरन्तर रुपमा स्थायी बसोबास भएको तथ्य स्पष्ट रुपमा उल्लेख भएको स्थलगत सर्जमिन मुचुल्का,<br>९. सम्बन्धित वडा कार्यालयबाट प्रमाणित पारिवारिक विवरण,<br>१०. जन्मस्थान र नाता खुल्ने गरी गा.पा./न.पा.ले गरिदिएको फोटो सहितको नाता प्रमाणित<br>११. उद्गम स्थान र गन्तव्य स्थानको १३ अंक सहितको Online बसाईसराई दर्ता प्रमाणपत्रको सक्कल प्रति (ठेगाना परिवर्तन गरी ना.प्र. लिन चाहेमा),<br>१२. जग्गा धनी प्रमाणको सक्कल प्रति,<br><br>**<u>लालपुर्जा नभएको अवस्थामा चाहिने थप कागजातहरु</u>:** | कागजात पुगेको भए सोही दिन | रु. १० को टिकट | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /नायब सुब्बा | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |

| क.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| | | ○ पानी/बिजुली/टेलिफोन आदिको ग्राहक कार्ड, घर कर रसिद,<br>○ राष्ट्रिय भूमि आयोगमा निवेदन दर्ता तथा नाप नक्सा निस्सा<br>○ भूमिहिन/सुकुम्बासी परिचयपत्र<br>○ जग्गाधनि प्रमाणपुर्जा बैंक तथा वित्तीय संस्थामा धितोमा राखी सक्कल जग्गाधनि दर्ता प्रमाणपुर्जा लिई आउन सम्भव नभएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट लालपुर्जा धितोमा रहेको जनाई प्रमाणित गरिदिएको जग्गाधनि प्रमाणपुर्जाको प्रतिलिपी,<br>○ स्थायी लेखा नम्वर, व्यवसाय दर्ता प्रमाणपत्र,<br>○ अनुसूची-३ बमोजिमको स्थलगत सर्जमिन मुचुल्का<br>○ अनुसूची-४ बमोजिमको सर्जमिन मुचुल्का,<br>○ निजको बाबुको पहिचान हुन नसकेको बेहोराको निज र निजको आमाले गरेको तोकिए बमोजिमको स्वःघोषणा,<br>○ वडा कार्यालय र जिल्ला प्रशासन कार्यालयमा ७ दिने सूचना टाँस गर्ने र सातौं दिनपछि मुचुल्का सहितको उजुरी नपरेको जानकारी/ प्रमाणित पत्र सक्कल प्रति,<br>○ स्थलगत प्रहरी सर्जमिन मुचुल्का,<br>○ अन्य तोकिएको कागजात। | | | | | |
| १.६ | गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र | १. A4 Size को नेपाली कागजमा अनुसूची ८ ग बमोजिमको सम्बन्धित वडा कार्यालयबाट सिफारिस,<br>२. सिफारिसमा अनिवार्य रुपमा छाप लगाएको र फोटो समेत प्रमाणित भएको हुनुपर्नेछ।<br>३. निवेदन दिने व्यक्ति वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रहेको प्रमाण/नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल प्रति,<br>४. निवेदकले साविकमा नेपालको नागरिकता लिएको भए सो नागरिकता त्याग गरेको प्रमाण,<br>५. विदेशी मुलुकको नागरिकता भएको प्रमाण, | कागजात पुगेको भए सोही दिन | रु. १० को टिकट | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /नायब सुब्बा | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |

| क.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| | | ६. दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनका सदस्य राष्ट्र बाहेकको देशमा बसोबास गरेको प्रमाण,<br>७. नेपालको संविधान र कानूनको परिपालना गर्ने प्रतिवद्धता पत्र,<br>८. नेपालको नागरिकता लिई नागरिकताको प्रमाणपत्र फिर्ता नबुझाएको व्यक्तिले निवेदन दिंदा निजले पहिले लिएको नेपाली नागरिकताको प्रमाणपत्र र नेपाली राहदानी समेत पेश गर्नु पर्नेछ,<br>९. हाल नागरिक रहेको मुलुकबाट लिएको राहदानीको प्रतिलिपी,<br>१०. अनुसुची ८ घ बमोजिमको प्रतिवद्धता पत्र,<br>११. अनुसुची ८ च बमोजिमको सपथ,<br>१२. वडा/प्रहरी सर्जमिन मुचुल्का,<br>१३. अन्य तोकिएको कागजातहरु,<br>१४. निवेदकको विदेशी मुलुकको नागरिकता वा राहदानीको वैधताको विषयमा निज नागरिक रहेको मुलुकस्थित वा त्यस्तो मुलुक समेत हेर्ने कार्यक्षेत्र तोकिएको नेपाली कुटनीतिक नियोगसँग बुझ्न सकिने,<br>१५. तोकिए बमोजिमको आवश्यक कागजात प्राप्त भए पछि आवश्यक सबुद प्रमाण बुझी गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्र जारी हुने। | | | | | |
| १.७ | जन्मको आधारमा नेपालको नागरिकता प्रमाणपत्र लिएका नागरिकहरुका सन्तानलाई नेपाली नागरिकताको प्रमाणपत्र | • १.१ मा उल्लेख भए बमोजिमका कागजातहरु<br><br>**<u>थप कागजातहरु :</u>**<br><br>• बाबु र आमा बीचको विवाह दर्ता प्रमाणपत्र वा विवाह प्रमाणित सक्कल प्रति<br>• बाबु वा आमा वा दुवैको मृत्यु भएको अवस्थामा मृत्यु दर्ता प्रमाणपत्र | कागजात पुगेको भए सोही दिन | रु. १० को टिकट | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /नायब सुब्बा | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |

| क.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| | | • परिवारका सम्पूर्ण सदस्यहरुको विवरण खुल्ने गरी पारिवारिक विवरण<br>• सिफारस गर्ने स्थानीय तहभित्र जन्म भई निरन्तर रुपमा स्थायी बसोबास भएको तथ्य स्पष्ट रुपमा उल्लेख भएको सर्जमिन मुचुल्का सहितको सिफारिस/प्रमाणपत्र<br>• जन्मस्थान र नाता खुल्ने गरी गा.पा./न.पा.ले गरिदिएको फोटो सहितको नाता प्रमाणित<br>• उद्गम स्थान र गन्तव्य स्थानको Online बसाईसराई दर्ता प्रमाणपत्रको सक्कल प्रति (ठेगाना परिवर्तन गरी ना.प्र. लिन चाहेमा)<br>• जग्गा धनी प्रमाणपुर्जाको सक्कल प्रति<br><br>**<u>लालपुर्जा नभएको अवस्थामा चाहिने थप कागजातहरु</u>**:<br><br>○ पानी/बिजुली/टेलिफोन आदिको ग्राहक कार्ड, घर कर रसिद,<br>○ राष्ट्रिय भूमि आयोगमा निवेदन दर्ता तथा नाप नक्सा निस्सा<br>○ भूमिहिन/सुकुम्बासी परिचयपत्र<br>○ जग्गाधनि प्रमाणपुर्जा बैंक तथा वित्तीय संस्थामा धितोमा राखी सक्कल जग्गाधनि दर्ता प्रमाणपुर्जा लिई आउन सम्भव नभएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट लालपुर्जा धितोमा रहेको जनाई प्रमाणित गरिदिएको जग्गाधनि प्रमाणपुर्जाको प्रतिलिपी<br>○ स्थायी लेखा नम्वर, व्यवसाय दर्ता प्रमाणपत्र,<br>○ स्थलगत प्रहरी सर्जमिन मुचुल्का<br>○ अन्य तोकिएको कागजात | | | | | |

## २. नागरिकता प्रतिलिपि

| क्र.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| २.१ | वंशजको नागरिकता प्रतिलिपि | **<u>दैलेख जिल्लाको हकमा</u>**<br>१. सम्बन्धित स्थानीय तहबाट सिफारिस गरेको अनुसूची-२ फाराम र फोटो ३ प्रति<br>२. नागरिकता प्रमाणपत्र नम्बर एवम् जारी मिति खुल्ने प्रमाण र सोको प्रतिलिपि।<br>**<u>अन्य जिल्लाबाट जारी भएको नागरिकताको प्रतिलिपि लिनु परेमा</u>**<br>१. बसाईसराई दर्ता प्रमाणपत्र सक्कल तथा प्रतिलिपि<br>२. घरजग्गा धनी प्रमाण वा घर निर्माण सम्पन्न वा एकीकृत कर तिरेको सक्कल तथा प्रतिलिपि<br>३. नागरिकता जारी भएको जिल्लाको अभिलेख भिडेको प्रमाण<br>**<u>कर्मचारी परिवारको हकमा</u>**<br>१. सम्बन्धित कार्यालयको सिफारिस पत्र<br>२. जारी भएको जिल्लाबाट अभिलेख भिडेको प्रमाण<br>३. कर्मचारी परियपत्रको प्रतिलिपि<br>**<u>पतिको नामथर समावेश गरी प्रतिलिपि लिन</u>**<br>१. पतिको सक्कल नागरिकताको प्रमाणपत्र र सनाखतको लागि उपस्थिति<br>२. विवाहदर्ता प्रमाणपत्र सक्कल तथा प्रतिलिपि<br>३. अन्य जिल्लाबाट नागरिकता प्रमाणपत्र जारी भएको भए सम्बन्धित जिल्लाबाट अभिलेख भिडेको प्रमाण<br>**<u>पति/पत्नीको नामथर हटाएर प्रतिलिपि लिन</u>**<br>१. सम्बन्धविच्छेद भई पति/पत्नीको नाम हटाएर प्रतिलिपि लिन आउनेको हकमा सम्बन्धविच्छेदको अदालतको फैसला/मिलापत्र, स्थानीय तहमा दर्ता भएको सम्बन्धविच्छेदको दर्ता प्रमाणपत्र।<br>२. पतिको नाम हटाउँदा माइतितर्फ एकाघरको सनाखत आवश्यक पर्ने। | प्रमाण पुगेमा सोही दिन | रु. १३ को टिकट | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /नायब सुब्बा | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | कोठा नं. ८ र ९ |

| क्र.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| २.२ | वैवाहिक अंगीकृत तथा जन्मसिद्ध नेपाली नागरिकता प्रतिलिपि | १. सम्बन्धित स्थानीय तहबाट सिफारिस भएको अनूसुची-२ फाराम र ३ प्रति फोटो<br>२. नागरिकता प्रमाणपत्र नम्बर एवम् जारी मिति खुलेको प्रमाण<br>३. बसाईसराई गरी आएका अन्य जिल्लाहरुबाट ना.प्र. लिएका व्यक्तिको हकमा बसाईसराई प्रमाणपत्र, जग्गाधनी पुर्जा र घर निर्माण सम्पन्न प्रमाण समेत पेश गर्नुपर्नेछ<br>४. प्रकरण ३ बमोजिमका निवेदकलाई नागरिकता प्रमाणपत्र जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट अभिलेख भिडेको प्रमाण प्राप्त भएपछि नागरिकता प्रमाणपत्र प्रतिलिपि दिइनेछ। | प्रमाण पुगेमा सोही दिन | रु. १३ को टिकट | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /नायब सुब्बा | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |
| २.३ | अंगिकृत नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि | १. सम्बन्धित स्थानीय तहबाट सिफारिस भएको अनूसुची -२ फाराम र ३ प्रति फोटो<br>२. नागरिकता प्रमाणपत्र नम्बर एवम् जारी मिति खुलेको प्रमाण<br>३. निवेदन पेश हुन आएपछि जिल्लामा अभिलेख नभएकाहरुको हकमा सम्बन्धित व्यक्तिको अंगिकृत नेपाली नागरिकताको प्रमाणपत्रको अभिलेख पठाइदिन गृह मन्त्रालयमा र सम्बन्धित व्यक्ति यकिन गर्न स्थलगत सर्जमिन गरी पठाउन जिल्ला प्रहरी कार्यालयमा लेखी पठाउने।<br>४. प्रकरण ३ बमोजिम प्रमाण र प्रक्रिया पूरा भएपछि नागरिकता प्रतिलिपि दिइनेछ। | प्रमाण पुगेमा सोही दिन | रु. १३ को टिकट | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /नायब सुब्बा | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |
| २.४ | नागरिकता परित्याग | १. नागरिकताको सक्कल प्रमाणपत्र<br>२. सक्कल राहदानी<br>३. अनुसूची ९ फाराम (फोटोसहित)<br>४. विदेशी राष्ट्रबाट प्राप्त गरेको नागरिकता प्रमाणपत्र तथा राहदानी वा प्राप्त हुने निर्णय अग्रिम जानकारी पत्र (No Objection Letter) | निर्णय प्रक्रिया पुगेपछि | रु. १० को टिकट | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /नायब सुब्बा | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |

| क्र.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| | | ५. व्यक्ति स्वयं उपस्थित भए नागरिकता परित्यागको सनाखत, व्यक्ति विदेशमा भएमा सम्बन्धित कुटनीतिक नियोगबाट गरेको सिफारिस। | | | | | |
| २.५ | अभिलेख फेला नपरेको वा पूरानो सक्कल | १.अभिलेख फेला नपरेको वा पुरानो फाराम सक्कल<br>२. नागरिकताको विवरण Citizenship Information Management System प्रतिलिपिको लागि (CIMS) सँग भिडान गर्ने।<br>३. नयाँ प्रक्रियाबाट नागरिकता प्रमाणपत्र जारी हुने प्रक्रियामा जाने। | प्रमाण पुगेमा सोही दिन | रु. १३ को टिकट र नयाँ प्रक्रियाका लागि थप रु. १० को टिकट | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /नायब सुब्बा | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |

## ३. विद्युतीय राहदानी (E-Passport)

| क्र.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| ३.१ | साधारण विद्युतीय राहदानी (Normal Passport) | **निवेदकको नागरिकता प्रमाणपत्र जिल्ला प्रशासन कार्यालय, दैलेखबाट जारी भएको हकमा**<br>१. रीतपूर्वक भरिएको बारकोड सहितको विद्युतीय राहदानी फाराम<br>२. नेपाली नागरिकताको प्रमाणपत्र सक्कल (नागरिकता प्रमाणपत्र अभिलेख भिडेको हुनुपर्ने)<br>३. नाबालिकको हकमा जिल्ला प्रशासन कार्यालय दैलेखबाट जारी गरिएको नाबालिक परिचयपत्र र निजको बाबु वा आमामध्ये कुनै एक जनाको सक्कल नागरिकता, आमा र बाबुको विवाहदर्ता, बच्चाको जन्मदर्ता, संरक्षक नियुक्त भएकोमा संरक्षक भएको बेहोरा खुल्ने लिखतको सक्कल प्रति र संरक्षकको नागरिकता सक्कल (नागरिकताको अभिलेख भिडेको हुनुपर्ने)<br>४. पहिले राहदानी लिएको भए सोको सक्कल | प्रमाण पुगेमा सोही दिन | | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /नायब सुब्बा | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | कोठा नं. ६ |

| क्र.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| | | ५. नागरिकता प्राप्त व्यक्तिको हकमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बर खुल्ने प्रमाण।<br>६. राहदानी दस्तुर रु. ५०००।- तिरेको रसिद र १० वर्ष मुनिका नाबालिकको हकमा रु. २५००।-(राहदानी हराएको/च्यातिएको वा कुनै किसिमले बिग्रेको भएमा दोब्बर दस्तुर लाग्नेछ।)<br>७. निवेदक स्वयं उपस्थित भई जैविक विवरण (Bio-metric) दिएको हुनुपर्नेछ।<br>**अन्यत्र जिल्लाबाट नागरिकता प्रमाणपत्र बसाईसरी दैलेख जिल्लामा आउनेको हकमा**<br>१. रीतपूर्वक भरिएको बारकोड सहितको विद्युतीय राहदानी फाराम<br>२. नेपाली नागरिकताको प्रमाणपत्र सक्कल (नागरिकता प्रमाणपत्र अभिलेख भिडेको हुनुपर्ने)<br>३. नागरिकता प्राप्त व्यक्तिको हकमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बर खुल्ने प्रमाण।<br>४. स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको बसाईसराई दर्ता प्रमाणपत्र<br>५. घर, जग्गा धनी प्रमाण वा घर निर्माण सम्पन्न वा एकीकृत कर तिरेको सक्कल<br>६. सम्बन्धित जिल्लाबाट नागरिकताको अभिलेख बुझिनेछ।<br>७. अन्य जिल्लाबाट नाबालिक परिचयपत्र बनिसकेको हकमा सम्बन्धित जिल्लाबाट सोको अभिलेख बुझिनेछ।<br>८. निवेदक स्वयं उपस्थित भई जैविक विवरण (Bio-metric) दिएको हुनुपर्नेछ।<br>**अन्यत्र जिल्लाबाट नागरिकता लिएर विवाह गरी दैलेख जिल्लामा आउनेको** | | | | | |

| क.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| | | **हकमा**<br>१. रीतपूर्वक भरिएको बारकोड सहितको विद्युतीय राहदानी फाराम<br>२. नेपाली नागरिकताको प्रमाणपत्र सक्कल (नागरिकता प्रमाणपत्र अभिलेख भिडेको हुनुपर्ने)<br>३. नागरिकता प्राप्त व्यक्तिको राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बर खुल्ने प्रमाण।<br>४. विवाहदर्ता प्रमाणपत्र<br>५. पतिको नागरिकता प्रमाणपत्र प्रतिलिपि<br>६. सम्बन्धित जिल्लाबाट नागरिकताको अभिलेख बुझिनेछ।<br>७. निवेदक स्वयं उपस्थित भई जैविक विवरण (Bio-metric) दिएको हुनुपर्नेछ।<br>**दैलेख जिल्लास्थित सरकारी निकायमा कार्यरत कर्मचारीको र कर्मचारी परिवारको हकमा**<br>१. रीतपूर्वक भरिएको बारकोड सहितको विद्युतीय राहदानी फाराम<br>२. नेपाली नागरिकताको प्रमाणपत्र सक्कल (नागरिकता प्रमाणपत्र अभिलेख भिडेको हुनुपर्ने)<br>३. सम्बन्धित कार्यालयको सिफारिस पत्र<br>४. सम्बन्धित जिल्लाबाट नागरिकताको अभिलेख बुझिनेछ।<br>५. नागरिकता प्राप्त व्यक्तिको हकमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बर खुल्ने प्रमाण। (नाबालिकको हकमा राष्ट्रिय परिचयपत्र नहुने)<br>६. अन्य जिल्लाबाट नाबालिक परिचयपत्रपत्र बनिसकेको हकमा सम्बन्धित जिल्लाबाट सोको अभिलेख बुझिनेछ।<br>७. निवेदक स्वयं उपस्थित भई जैविक विवरण (Bio-metric) दिएको हुनुपर्नेछ। | | | | | |

| क्र.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| ३.२ | हराएको राहदानी पुनः प्राप्ति सम्बन्धी | १. साधारण राहदानीको लागि ३.१ मा उल्लिखित कागजातहरु<br>२. साविकको राहदानीको प्रतिलिपि<br>३. विदेशमा राहदानी हराएको हकमा ट्राभल डकुमेन्ट | प्रमाण पुगेमा सोही दिन | | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /नायब सुब्बा | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |

## ४. मुद्दा सम्बन्धी

| क्र.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| ४.१ | उजुरी पक्राउ पूर्जी समर्थन तथा पक्राउ अनुमति | पक्राउ गर्ने प्रहरी वृत्तले बाटोको म्याद र सार्वजनिक विदा बाहेक २४ घण्टाभित्र थुनुवासहित प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्ने। | तुरून्त | - | प्र.जि.अ. | प्र.जि.अ. | कोठा नं. ३ |
| ४.२ | म्याद थप | सम्बन्धित प्रहरी वृत्तले थुनुवासहित स.प्र.जि.अ. समक्ष पेश गर्ने। | तुरून्त | - | प्र.जि.अ. /स.प्र.जि.अ. /प्र.अ. /ना.सु. | प्र.जि.अ. | |
| ४.३ | मुद्दा दर्ता /बयान /थुनछेक आदेश /म्याद जारी | १. प्रमुख जिल्ला अधिकारीको आदेशानुसार हुने<br>२. अभियोग पत्रसाथ प्रतिवादीलाई कार्यालय बन्द हुने समयभन्दा कम्तीमा डेढ घण्टा पहिले उपस्थित गराइएको हुनुपर्ने<br>३. फरार प्रतिवादीको ३ पुस्ते विवरण, स्पष्ट वतन र सम्पर्क नं. समेत अभियोग पत्रमा स्पष्ट खुलेको हुनुपर्ने। | - | - | प्र.जि.अ. /स.प्र.जि.अ. /प्र.अ. /ना.सु. | प्र.जि.अ. | |

| क.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| ४.४ | म्याद तारेख तोक्ने प्रमाण मुकरर गर्ने /पेशी तोक्ने | सम्बन्धित प्रतिवादी तारेखमा रहेको वा म्याद/तारेख गुजारेको वा थुनामा रहेको वा अंग पुगेको हुनुपर्ने। | सोही दिन | | प्र.जि.अ. /स.प्र.जि.अ. /प्र.अ. /ना.सु. | प्र.जि.अ. | |
| ४.५ | तारेखमा बोलाउने | १. तारेख पर्चा/धरौटी जम्मा गरेको रसिदसहित तोकिएको दिन प्रतिवादी आफै उपस्थिति हुने<br>२. पटक पटक वा एक पटकमा बढीमा १५ दिन तारेख थाम्न पाइने भएकोले सोको लागि रु. १० को टिकट टाँस गरी तोकिएको ढाँचामा निवेदन दिनुपर्ने। | - | रु. १० को टिकट | प्र प्र.जि.अ. /स.प्र.जि.अ. /प्र.अ. /ना.सु. | प्र.जि.अ. | |
| ४.६ | फैसला तयारी गर्ने | प्रमुख जिल्ला अधिकारकीको आदेशानुसार हुने। | - | प्रचलित कानून बमोजिम | प्र.जि.अ. /स.प्र.जि.अ. /प्र.अ. /ना.सु. | प्र.जि.अ. | |
| ४.७ | प्रमाणित प्रतिलिपि दिने | मिसिलमा संलग्न कागजात र निर्णय फैसलाको प्रमाणित प्रतिलिपि लिनका लागि सरोकारवालाले तोकेको ढाँचामा निवेदन र तोकिएको दरमा टिकट टाँस गर्नु पर्नेछ। | - | प्रचलित कानून बमोजिम | प्र.जि.अ. /स.प्र.जि.अ. /प्र.अ. /ना.सु. | प्र.जि.अ. | |
| ४.८ | सवारी दुर्घटनाका मृतकका हकदार /घाइतेलाई क्षतिपूर्ती, राहत, औषधी उपचार दिलाई भराई दिने | १. दुर्घटना पष्टी हुने मुचुल्का सहितका कागजातहरु (सम्बन्धित प्रहरीबाट घटना मुचुल्का, लाश बुझेको पत्र, मेडिकल प्रतिवेदन, मृतकको नागरिकता, मृत्युदर्ता प्रमाणपत्र, नजिकको हकदारको नागरिकता प्रमाणपत्र, नाता प्रमाणित र सम्बन्धित स्थानीय तहको सिफारिस) सहित सम्बन्धित व्यक्ति/हकदार स्वयं उपस्थित हुनुपर्ने।<br>२. सवारी धनीका तर्फबाट सवारीधनी प्रमाणपत्र, बीमा आलेख, अख्तियारनामा, रकम बुझाउनेको परिचयपत्रसहित सम्बन्धित व्यक्ति उपस्थित हुनुपर्ने। | - | प्रचलित कानून बमोजिम | प्र.जि.अ. /स.प्र.जि.अ. /प्र.अ. /ना.सु. | प्र.जि.अ. | |

| क्र.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| ४.९ | दण्ड जरिवाना असुल गर्ने | प्रमुख जिल्ला अधिकारीको आदेशानुसार हुने। | - | प्रचलित कानून बमोजिम | प्र.जि.अ. /स.प्र.जि.अ. /प्र.अ. /ना.सु. | प्र.जि.अ. | |
| ४.१० | बिगो भराउने | १. मुद्दा अन्तिम किनारा भएको वा पुनरावेदन अवधि नाघेको हुनुपर्ने<br>२. सम्बन्धित जाहेरवाला, घाईते उपस्थित भई नागरिकता प्रमाणपत्र वा पहिचान खुल्ने कागजात सहित (३ तीन वर्षभित्र) निवेदन दिनुपर्ने<br>३. प्रतिवादी फरार रहेको/धरौटी जमानत नराखेको वा राखिएको धरौटी जमानत न्यून रही ठरहेको बिगो भराउन नसकिएको अवस्थामा बिगो भराउन सम्बन्धित प्रतिवादी नेपाल सरहद भित्रको जायजेथा देखाई दरखास्त दिनुपर्ने। | - | प्रचलित कानून बमोजिम | प्र.जि.अ. /स.प्र.जि.अ. /प्र.अ. /ना.सु. | प्र.जि.अ. | |
| ४.११ | धरौटी फिर्ता | १. यस कार्यालयबाट भएको फैसला चित्त बुझी पुनरावेदन नगर्ने भए सोही बेहोरा खुलेको धरौटी फिर्ता निवेदन (रु. १० को टिकटसहित) दिनुपर्ने<br>२. नेपाली नागरिकता प्रमाणपत्र वा परिचय खुल्ने अन्य प्रमाण २ प्रति<br>३. बैंकको खाता नम्बर सहितको विवरण खुलेको निस्सा २ प्रति | - | प्रचलित कानून बमोजिम | प्र.जि.अ. /स.प्र.जि.अ. /प्र.अ. /ना.सु. | प्र.जि.अ. | |
| ४.१२ | सदरस्याहा | प्रमुख जिल्ला अधिकारीको आदेशानुसार हुने। | - | प्रचलित कानून बमोजिम | प्र.जि.अ. /स.प्र.जि.अ. /प्र.अ. /ना.सु. | प्र.जि.अ. | |

## ५. संघ संस्था, पत्रपत्रिका तथा छापाखाना

| क.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| ५.१ | संस्था दर्ता | १. संस्था दर्ताको लागि जिल्ला प्रशासन कार्यालयलाई सम्बोधन गरेको तदर्थ समितिका पदाधिकारी र सदस्यहरूको संयुक्त निवेदन।<br>२. स्थानीय तहको सिफारिस पत्र<br>३. तदर्थ समितिका पदाधिकारी र सदस्यहरुले नेपाली कागजको प्रत्येक पानामा तलमाथि दस्तखत गरेको विधान २ प्रति (नेपाली कागजमा)<br>४. संस्था स्थापनाका लागि निम्न कुराहरु खोलिएको भेलाको निर्णय,<br>➢ सर्वसम्मतले तदर्थ समितिका पदाधिकारी र सदस्यको चयन गरिएको<br>➢ सर्वसम्मतले संस्थाको नाम र ठेगाना छनौट गरिएको<br>➢ विधान बनाउने विषय (विधान मस्यौदा उपसमितिको गठन)<br>➢ जिल्ला प्रशासन कार्यालय दैलेखमा संस्था दर्ता गर्ने निर्णय<br>➢ तदर्थ समितिले विधान पारित गरी स्वीकृतिका लागि स्थानीय अधिकारीसमक्ष पेश गर्ने भनी गरेको निर्णयका साथै संस्था दर्ताका लागि पदाधिकारीहरुलाई अख्तियारनामा दिएको निर्णय।<br>५. तदर्थ समितिका पदाधिकारीहरुको नागरिकताको प्रमाणित प्रतिलिपि १/१ प्रति<br>६. संस्थाका तदर्थ समितिका पदाधिकारी तथा सदस्यहरुको नाम, ठेगाना, सम्पर्क नं. र फोटो सहितको नामावली<br>७. संस्थाका पदाधिकारीहरुको चालचलन बुझेको प्रहरी प्रतिवेदन<br>८. तदर्थ समितिका पदाधिकारी र सदस्यहरु सक्कल नागरिकतासहित सनाखतका बखत उपस्थित हुनुपर्ने।<br>९ संस्थाको नाम र उदेश्यको विषयमा सम्बन्धित मन्त्रालय, विभाग र निकायको राय प्रतिक्रिया लिनुपर्ने भएमा सोको सिफारिस<br>१०. व्यापार व्यावसाय सञ्चालन गरेका व्यवसायीहरुको संस्था भएमा संस्थाका पदाधिकारीहरुले सञ्चालन गरेको व्यवसाय इजाजत /अनुमति | आवश्यक जाँचबुझ सकेको भोलिपल्ट | रु. १०००।- | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /ना.सु. | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | कोठा नं. १० |

| क.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| | | लिनुपर्ने प्रकृतिको भए त्यस्तो इजाजत पत्रको प्रतिलिपि र करचुक्ता प्रमाणपत्र प्रतिलिपि समेत पेश गर्नुपर्नेछ। | | | | | |
| ५.२ | संस्था नवीकरण | १. नवीकरणका लागि जिल्ला प्रशासन कार्यालयलाई सम्बोधन गरेको तोकिएको ढाँचाको निवेदन<br>२. विधानसम्मत साधारणसभाले चालु आ.व.को लागि लेखापरीक्षक नियुक्ति, सम्बन्धित आ.व.को लेखापरीक्षण प्रतिवेदन, वार्षिक प्रगति प्रतिवेदन र कार्यसमिति छनौट गरेको निर्णयको माइन्युटको अध्यक्ष/सचिवले प्रमाणित गरेको प्रतिलिपि<br>३. सम्बन्धित आ.व. को लेखापरीक्षण प्रतिवेदन<br>४. सम्बन्धित आ.व. को लागि करदाता सेवा कार्यालयको सिफारिस<br>५. सम्बन्धित आ.व.मा नवीकरणको लागि सम्बन्धित स्थानीय तहको सिफारिस<br>६. संस्थाको स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र<br>७. जिल्ला प्रशासन कार्यालयले स्वीकृत गरेको संस्थाको विधानको प्रतिलिपि<br>८. संस्थाको प्रमाणपत्र फोटोकपी<br>९. संस्थाको लेटरप्याडमा वर्तमान कार्यसमितिको प्रमाणित नामावली<br>१० कुल साधारण सदस्य संख्या खुलाएको नामावली सहितको प्रमाणित विवरण र साधारणसभा/विशेष साधारण सभामा उपस्थितिको संख्या विवरण<br>११. सम्बन्धित आ.व. को वार्षिक कार्यप्रगति विवरण<br>१२. बालगृह सञ्चालन सम्बन्धी संस्था भएमा सःशुल्क वा निःशुल्क सञ्चालन | प्रक्रिया पूरा भएमा सोही दिन | रु. ५००।- | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /ना.सु. | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |

| क.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| | | गरेको खुल्ने गरी स्थलगत अनुगमन सहितको प्रमाणित प्रतिवेदनसमेत खुलेको सम्बन्धित स्थानीय तह (नगरपालिका/महानगरपालिका) को सिफारिस<br>१३. लेखापरीक्षकको प्रमाणपत्र, पान (PAN) दर्ता प्रमाणपत्र, लेखापरीक्षण प्रमाणपत्र (नवीकरण समेत देखिने गरी), करचुक्ताको प्रमाणपत्र समेत<br>१४. वैदेशिक सहयोग (नगदी/जिन्सी) बाट आयोजना तथा कार्यक्रम सञ्चालन गरेको भए समाज कल्याण परिषद्को कार्यक्रम स्वीकृत पत्र, समाज कल्याण परिषद्को अनुगमन प्रतिवेदन र कार्यक्रम सञ्चालन भएको स्थानीय तहबाट कार्यक्रम सम्पन्न भइरहेको सिफारिस पत्र<br>१५. व्यापार/व्यवसाय सञ्चालन गरेका व्यावसायीहरुको संस्था भएमा संस्थाका पदाधिकारीहरुले सञ्चालन गरेको व्यवसाय इजाजत /अनुमति लिनुपर्ने प्रकृतिको भए त्यस्तो इजाजत पत्रको प्रतिलिपि र करचुक्ता प्रतिलिपि समेत पेश गर्नु पर्नेछ। | | | | | |
| ५.३ | संस्थाको विधान संशोधन | १. रीतपूर्वकको निवेदन<br>२. तीन महले विधान -३ प्रति<br>३. नवीकरण भएको संस्थाको प्रमाणपत्र र सोको प्रतिलिपि<br>४. संशोधन गर्ने प्रस्ताव कुल सदस्य संख्याको दुई तिहाई साधारण सभा सदस्यहरुले पारित गरेको प्रमाणित निर्णय प्रति<br>५. जिल्ला प्रशासन कार्यालयले स्वीकृत गरेको संस्थाको विधानको प्रमाणित प्रतिलिपि<br>***नोट — तीन महलेको सुरु पानाको माथि दस्तखत नगरी तलबाट दस्तखत गरी बाँकी पानाको माथि कार्यसमितिका सदस्यले दस्तखत गर्ने।*** | प्रक्रिया पूरा भएमा सोही दिन | - | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /ना.सु. | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |

| क.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| ५.४ | जिल्लामा संस्थाको शाखा खोल्ने | १. रीतपूर्वकको निवेदन<br>२. संस्थाको कार्यसमितिको निर्णय<br>३. विधानको प्रतिलिपि र दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरण देखिने)<br>४. सम्बन्धित स्थानीय तहको सिफारिस | सोही दिन | नि:शुल्क | स.प्र.जि.अ./ प्रशासकीय अधिकृत/ना.सु | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |
| ५.५ | पत्रपत्रिका दर्ता सम्बन्धी | **<u>क. प्रकाशन बारे</u>**<br>१. जिल्ला प्रशासन कार्यालयलाई सम्बोधन गरेको तोकिएको ढाँचाको निवेदन<br>२. प्रकाशकको ४ प्रति फोटो र नागरिकताको फोटोकपी<br>३. प्रकाशक संस्था भए संस्थाको छाप, प्रबन्ध पत्र वा संस्थाको स्वीकृत विधान प्रमाणपत्र, नवीकरण भएको प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, अडिट रिपोर्ट, संचालकहरुको बैठकको निर्णय समेतका कागजातहरुको प्रमाणित प्रतिलिपि<br>**<u>ख. सम्पादक बारे</u>**<br>१. सम्पादकको नागरिकताको प्रमाणपत्र फोटोकपी<br>२. सम्पादकहरुको शैक्षिक योग्यताको एस.एल.सी. देखि स्नातकसम्मको एस.एल.सी. उतीर्ण गरी पत्रकारितामा १० (दश) वर्ष कार्य गरेको सूचना विभागको प्रमाणपत्र समेतका प्रमाणपत्रहरुको फोटोकपीहरु<br>३. सम्पादकलाई प्रकाशकले नियुक्ति गरेको पत्र<br>४. पत्रिकामा सम्पादक पदमा रही काम गर्ने बारेको सम्पादकको मञ्जुरीनामा | प्रक्रिया पूरा भएमा सोही दिन (शुक्रबार मात्र) | दैनिक पत्रिका रु. १०००।— अर्ध साप्ताहिक रु. ७००।— साप्ताहित रु. ५००।— पाक्षिक रु. ३००।— मासिक र अन्य रु. २००।- | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /ना.सु. | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |

| क.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| | | ५. प्रहरी चालचलन | | | | | |
| ५.६ | छापाखाना सञ्चालन | १. स्वीकृत छापाखानाबाट पत्रिका छाप्न मञ्जुरी दिएको सिफारिस<br>२. छापाखाना दर्ता भएको प्रमाणपत्रको फोटोकपी<br>३. छापाखानाको प्रबन्ध पत्रको फोटोकपी<br>४. छापाखानालाई जिल्ला प्रशासन कार्यालयबाट स्वीकृति दिएको प्रमाणपत्रको फोटोकपी<br>५. छापाखानाले कर तिरेको कर चुक्ता प्रमाणपत्र। | प्रक्रिया पूरा भएमा सोही दिन (शुक्रबार मात्र) | रु. १०००।- | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /ना.सु. | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |

# ६. नाबालिक परिचयपत्र

| क.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| ६.१ | नाबालिक परिचयपत्र तथा प्रतिलिपि | <u>क) दैलेख जिल्लाको हकमा</u><br>१. तोकिएको ढाँचामा स्थानीय तहको सिफारिस<br>२. बाबु र आमाको नागरिकताको सक्कल र फोटोकपी<br>३. आमा र बाबुको विवाह दर्ता प्रमाणपत्रको सक्कल र प्रतिलिपि<br>४. नाबालकको जन्मदर्ता प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र सक्कल र फोटोकपी<br>५. पासपोर्ट साइजको हालसालै खिचेको फोटो ३ प्रति (सिफारिसमा ढाँचा भएअनुसारको प्रमाणित फोटो)<br><u>ख) अन्य जिल्लाबाट बसाईसराई गरी आएको भए थप अनिवार्य पेश गर्नुपर्ने कागजातहरु</u><br>१. (क) मा उल्लेखित सम्पूर्ण कागजातहरु<br>२. बसाईसराई दर्ता प्रमाणपत्र सक्कल तथा फोटोकपी<br>३. जग्गाधनी दर्ता प्रमाणपत्र सक्कल तथा फोटोकपी | सबै प्रमाण पुगेमा दरखास्त दिएकै दिन | रु. १० को टिकट प्रतिलिपिको हकमा प्रति पाना रु. ३।— को टिकट | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /ना.सु. | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | कोठा नं. ८ र ९ |

| क्र.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| | | <u>**ग) विदेशमा जन्म भएका नाबालकहरुको हकमा आवश्यक पर्ने कागजातहरु**</u><br>१. (क) मा उल्लेखित सम्पूर्ण कागजातहरु<br>२. नेपाल बाहिर जन्मस्थान हुने हकमा अस्पतालको Birth Certificate<br>३. नेपाल आउँदा प्रयोग भएको बच्चाको One Way Travel Document वा<br>राहदानी (सोमा लागेको अध्यागमन कार्यालय नेपालको छाप सहितको।)<br>४. बच्चा लिएर आउने बाबुआमाको राहदानी (सोमा लागेको अध्यागमन कार्यालय नेपालको छाप सहितको।)<br><u>**घ) कर्मचारी परिवारको हकमा थप कागजात**</u><br>१. (क) मा उल्लेखित सम्पूर्ण कागजातहरु<br>२. कर्मचारी कार्यरत कार्यालयको सिफारिस पत्र र कर्मचारीको परिचयपत्रको फोटोकपी<br>***नोट- माथि उल्लिखित सम्पूर्ण कार्यहरुमा बाबु /आमाको अन्य जिल्लाको नागरिकता भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित भै आएको नागरिकता प्रमाणपत्रको अभिलेख अनिवार्य रुपमा बुझिनेछ।*** | | | | | |

# ७. राष्ट्रिय परिचयपत्र

| क्र.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| ७.१ | राष्ट्रिय परिचयपत्र | १. रीतपूर्वक भरिएको QR Code सहितको विद्युतीय अनलाइन फाराम<br>२. नेपाली नागरिकताको प्रमाणपत्र सक्कल (नागरिकता प्रमाणपत्र अभिलेख भिडेको हुनुपर्ने।)<br>३. विवाहितको हकमा विवाहदर्ता, विवाह प्रमाणित/नाता प्रमाणित सक्कल<br>४. बसाई सरी आएको भएमा बसाईसराई दर्ता प्रमाणपत्र सक्कल | प्रमाण पुगेमा सोही दिन | - | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /दर्ता अपरेटर | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको | कोठा नं. ११ |

| क.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| | | ५. नागरिकताको प्रमाणपत्रमा जन्म मिति नखुलेको हकमा जन्म मिति खुल्ने<br>आधिकारिक प्रमाण (जन्म दर्ता, शैक्षिक प्रमाण पत्र, राहदानी, पेन्सन पट्टा) राष्ट्रिय परिचयपत्र विवरण पुष्टि हुने अन्य कागजातहरु<br>६. निवेदक स्वयं जैविक विवरण (Bio-metric) प्रविष्टिको लागि उपस्थित हुनुपर्नेछ।<br>७. स्थायी ठेगाना काठमाडौं बाहेक अन्य जिल्ला भएकाको हकमा सम्बन्धित जिल्ला वा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले तोकेको स्थानमा जानुपर्नेछ।<br>८. परिचयपत्र कार्ड लिन आउने सम्बन्धी म्यासेज मोबाइलमा प्राप्त भएपछि कार्ड लिन अनलाइन फाराम र नागरिकता प्रमाणपत्रसहित स्वयं उपस्थित हुनुपर्नेछ। | | | | हकमा स.प्र.जि.अ. | |
| ७.२ | परिचयपत्र संशोधन | १. राष्ट्रिय परिचयपत्र कार्ड सक्कल<br>२. संशोधन गर्नुपर्ने विषयसहितको निवेदन फाराम<br>३. रु. ५०० तिरेको बैंक भौचरसहित स्वयं उपस्थित हुनुपर्नेछ। | प्रमाण पुगेमा सोही दिन | - | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /दर्ता अपरेटर | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |

## ८. प्रशासनिक, सुरक्षा वा अन्य प्रमाणित सिफारिस सम्बन्धी कार्यहरु

| क.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| ८.१ | कार्यक्रमको अनुमति एवम् सुरक्षा व्यवस्था | १. यस कार्यालयमा दर्ता भएको संस्था भए दर्ता एवम् नवीकरण भएको विवरण देखिने कागजातको प्रतिलिपिसहित कार्यक्रमको विस्तृत विवरण उल्लेख भएको पत्र वा निवेदन<br>२. सम्बन्धित वडा कार्यालय वा स्थानीय तह वा अन्य निकायको सिफारिस लिनुपर्ने भएमा सो समेत संलग्न राख्ने। | सुरक्षा र ट्राफिक व्यवस्थामा असर नपर्ने भएमा सोही दिन | - | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /ना.सु. | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |
| ८.२ | निजी सुरक्षा कम्पनीको दर्ता, नवीकरण एवम् पुनः कार्यसञ्चालन अनुमति | १. कम्पनी रजिष्ट्रारको कार्यालयको सिफारिस पत्र<br>२. चालचलन प्रतिवेदन बुझिनेछ। | प्रमाण पुगेमा सोही दिन | प्रचलित कानूनमा तोकिएको दस्तुर | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /ना.सु. | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |
| ८.३ | UAV/DRONE उडान अनुमति | १. नेपाल नागरिक उड्डयन प्राधिकरणमा ड्रोन दर्ता भएको प्रमाणपत्र<br>२. मानवरहित हवाई उपकरण (REMOTELY PILOTE AIRCRAFT (RPA) POPULARLY KNOWN AS 'DRONE') उडान सम्बन्धी कार्यविधि, २०७५ मा उल्लिखित सम्पूर्ण कागजातहरु सहितको निवेदन/पत्र | कार्यविधि बमोजिम प्रमाण पुगेमा सोही दिन | निःशुल्क | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /ना.सु. | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | कोठा नं. १० |
| ८.४ | भारतीय /ब्रिटीस /नेपाली भूतपूर्व पेन्सनरको पारिवारिक विवरण लगायतको सिफारिस | १. सम्बन्धित वडा कार्यालयको सिफारिस<br>२. निवेदकको नागरिकता प्रमाणपत्रको फोटोकपी, पेन्सन पट्टाको फोटोकपी लगायत प्रमाण खुल्ने अन्य कागजाहरु। | अन्य निकायमा बुझ्नुपर्ने भएमा बाहेक सोही दिन | निवेदनमा रु. १० को टिकट लाग्ने | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /ना.सु. | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |
| ८.५ | विस्फोटक पदार्थ आयातको सिफारिस | विस्फोटक पदार्थ आयात, ओसारपसार, सञ्चय, प्रयोग सम्बन्धी इजाजत प्रदान गर्ने कार्यविधि, २०७३ बमोजिमको प्रक्रिया | कार्विधि बमोजिम | - | स.प्र.जि.अ. /प्रशासकीय | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र | |

| क्र.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| | | | प्रमाण पुगेमा सोही दिन | | अधिकृत /ना.सु. | अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |
| ८.६ | रसायनिक पदार्थ आयातको सिफारिस | विस्फोटक पदार्थ आयात, ओसार पसार, सञ्चय, प्रयोग सम्बन्धी इजाजत प्रदान गर्ने कार्यविधि, २०७३ बमोजिमको प्रक्रिया | कार्विधि बमोजिम प्रमाण पुगेमा सोही दिन | - | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /ना.सु. | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |
| ८.७ | अनियमितता एवम् भ्रष्टाचार कार्य उपर उजुरी | १. सम्बन्धित निवेदकले आफ्नो पहिचान खुल्ने कागजात समेत संलग्न गरी कुन निकाय वा संस्थानमा, कसले के-कस्तो अनियमितता वा भ्रष्टाचार सम्बन्धी कार्य गरेको हो सो खुलेको निवेदन<br>२. अनियमितता वा भ्रष्टचार गरेको आधार वा प्रमाण भए सो सम्बन्धी कागजात | विषयको गम्भीरता हेरी यथाशीघ्र आफैले हेर्ने वा अ.दु.अ.आ. मा पठाउने | निवेदनमा रु. १० को टिकट | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /ना.सु. | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |
| ८.८ | शान्ति सुरक्षा निवेदन सम्बन्धमा | सम्बन्धित निवेदकको नागरिकता प्रमाणपत्र वा निजको पहिचान दिने कागजात संलग्न गरी मनासिव बेहोरा खुलेको निवेदन। | तुरून्त | रु. १० को टिकट | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /ना.सु. | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |
| ८.९ | गुनासो वा ठाडो उजुरी सम्बन्धी | सम्बन्धित निवेदकको नागरिकता प्रमाणपत्र वा निजको पहिचान दिने कागजात संलग्न गरी मनासिव बेहोरा खुलेको निवेदन। | तुरून्त | रु. १० को टिकट | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /ना.सु. | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |
| ८.१० | आदिवासी जनजाति /दलित /मुस्लिम | १. सम्बन्धित स्थानीय तहको वडाको सिफारिस<br>२. नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि सहित रु. १० को टिकट टाँस गरिएको तोकिएको ढाँचाको निवेदन | सोही दिन | रु. १० को टिकट | स.प्र.जि.अ. /प्रशासकीय | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र | |

| क्र.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| | /अल्पसंख्यक जाति प्रमाणित | ३. स्थायी ठेगाना दैलेख जिल्ला नभएको हकमा बसाईसराई दर्ता प्रमाणपत्र<br>४. कर्मचारी परिवारको हकमा सम्बन्धित सरकारी कार्यालयको सिफारिस पत्र | | | अधिकृत /ना.सु. | अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |
| ८.११ | नागरिकता प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्रमा थर, उमेर, ठेगाना फरक परेको विवरण सम्बन्धी | १. सम्बन्धित स्थानीय तहको वडाको सिफारिस<br>२. नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि सहित रु. १० को टिकट टाँस गरिएको तोकिएको ढाँचाको निवेदन<br>३. शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपि र सक्कल<br>४. शिक्षा विकास तथा समन्वय इकाईको सिफारिससहित आवेदन दिई सकेको हुनुपर्नेछ। | सोही दिन | रु. १० को टिकट | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /ना.सु. | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |
| ८.१२ | विपद् राहत | विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ अनुसार सबै किसिमका विपद् सम्बन्धी राहत सम्बन्धित स्थानीय तह मार्फत नै वितरण हुने व्यवस्था रहेको। | - | - | - | - | |

## ९. हातहतियार खरखजाना

| क्र.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| ९.१ | हातहतियार ईजाजतको आवेदन | १. नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहितको निवेदन<br>२. निवेदकको निरोगितताकोप्रमाणपत्र<br>३. प्रहरी प्रतिवेदन<br>४. स्थानीय तहको सिफारिस | आवश्यक प्रमाण संकलन भएको भोलिपल्ट | रु. १० को टिकट र नियमावलीमा तोकिए बमोजिम | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /ना.सु. | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | कोठा नं. ३ |

| क्र.सं. | सेवाको विवरण | आवश्यक कागजात/प्रमाणहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|---|
| ९.२ | हातहतियार नामसारी | १. निर्धारित ढाँचाको निवेदन<br>२. नागरिकताको प्रमाणपत्र<br>३. स्थानीय तहको सिफारिस<br>४. प्रहरी सर्जमिन मुचुल्का<br>५. हातहतियारको ईजाजतपत्र<br>६. हकदावी छोडेको कागज | आवश्यक जाँचबुझ सकेको भोलिपल्ट | रु. १० को टिकट | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /ना.सु. | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |
| ९.३ | हातहतियार नवीकरण | १. निर्धारित ढाँचाको निवेदन<br>२. सक्कल इजाजपत्र<br>३. वारेश मार्फत नवीकरण गर्नुपर्ने भएमा सम्बन्धित व्यक्तिको मञ्जुरीनामा | निवेदन परेको दिन | रु. १० को टिकट र नियमावली बमोजिमको शुल्क | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /ना.सु. | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |
| ९.४ | हातहतियार ईजाजतपत्रको प्रतिलिपि | १. नागरिकता प्रमाणपत्रको प्रतिलिपि र ईजाजत नम्बर सहितको निवेदन<br>२. हराएको ईजाजपत्रको हकमा प्रहरीको सिफारिस पत्र | आवश्यक जाँचबुझ सकेको भोलिपल्ट | रु. १० को टिकट | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /ना.सु. | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |
| ९.५ | विदेशबाट नयाँ हातहतियार झिकाउने सम्बन्धमा | १. निर्धारित ढाँचाको निवेदन<br>२. नागरिकताको प्रमाणपत्र<br>३. स्थानीय तहको सिफारिस<br>४. प्रहरी सर्जमिन मुचुल्का | आवश्यक जाँचबुझ सकेको भोलिपल्ट | रु. १० को टिकट | स.प्र.जि.अ. /प्रशासकीय अधिकृत /ना.सु. | स.प्र.जि.अ. को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |

# कुन कोठामा के काम हुन्छ?

| | |
|---|---|
| कोठा नं. १ | प्रमुख जिल्ला अधिकारीको कार्यकक्ष |
| कोठा नं. २ | सहायक प्रमुख जिल्ला अधिकारीको कार्यकक्ष |
| कोठा नं. ३ | मुद्दा शाखा |
| कोठा नं. ४ | आर्थिक प्रशासन शाखा |
| कोठा नं. ६ | राहदानी शाखा |
| कोठा नं. ७ | प्रशासकीय अधिकृतको कार्यकक्ष |
| कोठा नं. ८ र ९ | नागरिकता शाखा |
| कोठा नं. १० | स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा |
| कोठा नं. ११ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण शाखा (विवरण संकलन केन्द्र) |
| कार्यालयभित्र प्रवेश गर्ने मूल ढोकाको दायाँबायाँ | सोधपुछ कक्ष/सेवाग्राही सहायता कक्ष |